आज मिति २०८२ मंसिर ०३ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

देहाय

| क.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उप प्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल बहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जविहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | पितानाथ लुइटेल | नगर सचिव (प्र.प्र.अ.) | कोल्हवी १ | |

प्रस्तावहरु:

१. सामाजिक सुरक्षा भत्ता (विगत आ.व. २०७३/७४ देखि २०७७/७८ सम्म) वितरण यथार्थताको छानविन कार्यको लागि समिति गठन गर्ने सम्वन्धमा ।

२. कोल्हवी न.पा. १ मा नेपाल विद्युत प्राधिकरणको लाइन विस्तार गर्ने क्रममा स्थानीय र प्रहरी विचको झडप हुदाँ घाइते भएका स्थानीयहरुको उपचारमा आर्थिक सहयोग प्रदान गर्ने सम्वन्धमा ।

३. कोल्हवी न.पा. वडा नं. ८ मा रहेको नागेश्वर नाथ मन्दिर प्राङ्गणमा भएको साप्ताहिक महायज्ञ र मन्दिर व्यवस्थाप्रनका लागि आर्थिक सहयोग सम्वन्धमा ।

४. तिहार तथा छठ पर्वमा संचालन भएका योजना तथा कार्यक्रमको रकम भुक्तानी सम्वन्धमा ।

५. कोल्हवी नगरपालिका अन्तरगत विभिन्न सडक मर्मत जे.सि.वि. भाडाका रकम भुक्तानी सम्वन्धमा ।

६. कार्यालयका सवारी साधनहरु मर्मत सम्भार गर्ने तथा मर्मत भई प्राप्त भएका विल भुक्तानी सम्वन्धमा।

७. कोल्हवी बजारमा रहेको सार्वजानिक शौचालय ठेक्का लगाउने सम्वन्धमा ।

८. NPC बाट प्राप्त महिला तथा वालबालिकालाई लक्षित (विशेष गरी विपन्न तथा दलित) आधारभूत स्वास्थ्य पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्वन्धमा ।

९. थारु कल्याणकारी सभाको भित्रेपात्रो छपाईको रकम भुक्तानी सम्वन्धमा ।

१०.माछा कलस्टर विकास कोष संचालन कार्यविधि, २०७७ को दफा ८ संशोधन सम्वन्धमा ।

११.बजार, पसल, व्यावसाय तथा संस्थागत क्षेत्रबाट निस्कने फोहरजन्य पदार्थ संकलन तथा व्यवस्थापन सहितको एकिकृत फोहर व्यवस्थापन सम्वन्धी कार्यक्रम सम्वन्धी कार्यविवरण बनाउने सम्वन्धको सैद्धान्तिक सहमति सम्वन्धमा ।

१२.स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि, २०८२ कार्यान्वयन गर्ने सम्वन्धमा ।

१३. कोल्हवी नगरपालिकाको कर्मचारी दरवन्दी पुनरावलोकन गर्ने सम्वन्धमा ।

१४.आर्थिक सहयोग सम्वन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं १ माथि छलफल गर्दा : कोल्हवी नगरपालिकाको आ.व. २०७३/०७४ देखि २०७७/०७८ सम्मका सामाजिक सुरक्षा भत्ता वितरणको यथार्थ अवस्था बारे छानविन गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो साथै समितिले देहाय बमोजिमको परिधिभित्र रहि प्रतिवेदन तयार गरी पेश गर्ने अनुमति दिने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १. श्री किसुन दयाल चौधरी थारू (३ नं. वडाका वडा अध्यक्ष) | - संयोजक |
| २. श्री अनुप सुवेदी सदस्य (८ नं. वडाका वडा अध्यक्ष) | - सदस्य |
| ३. श्री गोपाल प्रसाद अधिकारी (२ नं. वडाका वडा अध्यक्ष) | - सदस्य |
| ४. श्री जयनारायण सिंह चनउ (कार्यपालिका सदस्य) | - सदस्य |
| ५. सम्बन्धित वडाका वडा अध्यक्ष (समितिमा परेका बाहेकको हकमा) | - सदस्य |
| ६. श्री संजय मैनाली (अधिकृत आठौं) | - सदस्य |
| ७. श्री मनोज कुमार चौधरी (अधिकृत छैठौं) | - सदस्य |
| ८. स्थानीय पत्रकार १ जना | - सदस्य |
| ९. श्री महेश कुमार चौधरी (एम.आइ.एस. अपरेटर) | - सदस्य सचिव |

देहाय:

१. छानविन सम्बन्धी कार्यविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
२. निर्वाचित जनप्रतिनिधि, पूर्वजनप्रतिनिधि, समाजसेवी, अगुवा नागरिक सामाजलाई स्थलगत छानविन एकीन कार्यमा सहयोग लिन सक्नेछ ।
३. सम्बन्धित वडाका वडा सचिवलाई छानविनका कार्यकोलागि स्थलमा बोलाउनु पर्नेछ ।
४. छ (६) महिना भित्र छानविन गरी आर्थिक विकास समिति मार्फत कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका वडा नं. १ अन्तरगत नेपाल विधुत प्राधिकरणको निजगढ- कोल्हवी ३३ के.भि.ए. विधुत विस्तारको क्रममा मठवा गाँउमा स्थानीयले विरोध गर्ने क्रममा प्रहरी र स्थानीयवासी विच झडप हुदाँ घाईते भएका स्थानीयबासीहरुलाई उपचारका लागि तामागढी अस्पताल, कोल्हवीमा भएको खर्च रकम रु.१४०३५.०० (चौध हजार पैतिस रुपैया) सो अस्पताललाई भुक्तानी दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा : कोल्हवी न.पा. वडा नं. ८ मा रहेको नागेश्वर नाथ मन्दिर प्राङ्गणमा भएको सामाहिक महायज्ञ र मन्दिर व्यवस्थापनका लागि माँग भए बमोजिमका सामाग्री / आर्थिक सहयोग एवं ७ (सात) लाखको मन्दिर व्यवस्थापन सम्बन्धी योजना संचालनका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा : तिहार तथा छठ पर्व लक्षीत संचालन भएका सरसफाइ तथा उज्यालो अभियान कार्यक्रम सँग सम्वन्धित योजनाहरुको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका अन्तरगत सडक मर्मत गर्ने क्रममा भाडामा प्रयोग भएको जे.सि.वि. को रकम प्राविधिकले पेश गरेको प्रतिवेदनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा : कोल्हवी न.पा. अन्तरगत रहेका २ पांग्रे, ४ पांग्रे साना तथा हेभि गाडीहरु मर्मत गरि आएका सो सँग सम्वन्धित विल रकमहरु भुक्तानी गर्ने निर्णय गरियो । साथै कार्यालयको ना.१ग. २८५५ नम्बरको जे.सि.वि. गम्भिर प्रकृतिको मर्मत गर्नुपर्ने भएकोले सो का लागि मर्मत गर्ने फर्म संग मर्मत स्टिमेट माँग गरी सोको आधारमा कोटेशन मार्फत मर्मत गर्नेगरी जिन्सी शाखालाई अनुमति दिने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा : कोल्हवी बजारमा निर्माण भएको सार्वजानिक शौचलाय ठेक्का बन्दोबस्तिबाट संचालनका लागि राजस्व परामर्श समितिबाट सिफारिस भएको वार्षिक रु. ३००००.०० (तिस हजार मात्र) स्वीकृत गरी सो सम्वन्धमा राजश्व परामर्श समितिबाट तोकिए बमोजिम अन्य निर्णयहरु कार्यान्वयन हुने गरी ठेक्का बन्दोवस्तिका लागि राजश्व परामर्श समितिलाई अनुमति दिने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा : NPC बाट प्राप्त महिला तथा बालबालिकालाई लक्षित (विशेष गरी विपन्न तथा दलित) आधारभूत स्वास्थ्य पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा : थारु कल्याणकारी सभाले भित्रेपात्रो छपाई भुक्तानीका लागि सहयोग माँग गरि निवेदन पेश गरे बमोजिम सो वापत रकम रु. ३९०००.०० (उन्चालिस हजार) भुक्तानी दिने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा : कोल्हवी नगरपालिकाको माछा कलस्टर विकास कोष संचालन कार्यविधि, २०७७ को दफा ८ (अनुसुची १) देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

आनसुची १

## माछा क्लस्टर बिकास कोष परिचालनका लागि निर्देशन

## कोल्हवी नगरपालिका

क) कोषको रकम तपसिल अनुसारका कियाकलापहरु सञ्चालन गर्नका लागि माछा क्लस्टर बिकास समितिको निर्देशनमा उप समितिहरु तथा माछाकर्मीहरुको माध्यमले तोकिए अनुसार खर्च वा परिचालन गर्न सकिनेछ ।

| क. स | कियाकलापहरुको बिवरण | कियाकलापको प्रकृति | कोषबाट योगदान प्रतिशत | लाभग्राहीको योगदान प्रतिशत | बिशेष शर्त तथा अवस्थाहरु |
|---|---|---|---|---|---|
| १. | माछा क्लस्टर भित्रका पोखरी तथा माछा बिमा | सामुहिक | ८० | २० | |
| २. | बिरबि /बिर एस , बहुसरोकार गोष्ठि संचालन, माछा क्लस्टर परिचालकको तलब,सिपमुलक तालिक संचालन , अध्यन्न अवलोकन भ्रमण,क्लस्टर सर्वेक्षण तथा प्रतिबेदन तयारी,माछा मेला महोत्सव संचालन एवं सहभागी तथा समन्वय । | सामुहिक | १०० | शुन्य | उप समितिले कम्तिमा एक बहु सरोकार गोष्ठि र ३बिरबि अन्तरकिया बार्षिक रुपमा संञ्चालन गर्नु पर्ने छ । |
| ३. | प्रयोगशाला निर्माण, माछा पोखरी बिधुतिकरण, पोखरी सम्म कृषि सडक निर्माण, जिउँदो माछा बजार निर्माण | सामुहिक | १०० | शुन्य | प्रयोगशाला र बजारबाट प्राप्त कुल आयको ५० प्रतिशत कोषमा जम्मा गर्नु पर्ने । |
| ४. | क्लस्टरमा हाल सम्म प्रयोगमा नआएको नयाँ प्रबिधिको हकमा, पानि तथा माटोको अवस्था चेक जांच गर्ने परिक्षण किट बितरण, पोखरिको पानिमा अक्सिजन बृद्धि गर्ने मेशिन उपकरण, बायोफल्क प्रणली र Recirculating Aquaculture systum-RAS प्रणली जडान आदि । | सामुहिक | ५० | ५० | एक समूहले कोषबाट दोश्रो पटक अनुदान प्राप्त गर्न कम्तीमा १.५ बर्षको अन्तर हुनुपर्ने छ । |
| ५. | सिंचाई सम्बद्ध बोरिङ, ईनार तथा नाला वा कुलो निर्माण, मोटर, पम्पिसेट आदि । | सामुहिक | ५० | ५० | |
| ६. | पानि पसने सुट एव जुता माछा मार्नेहरुका लागि मात्र । | सामुहिक | ५० | ५० | |
| ७. | माछा संकलन गर्ने प्रबिधि जस्तैः कैरेट,जाल, स्तरिय भुरा उत्पादनकालागी आधुनिक ह्याचरी निर्माण वा ह्याचरी आधुनिकिकरण तर ह्याचरी संचालकले क्लस्टर भित्रमा कम्तिमा २०० जना नगरपालिका भित्रका किसानलाई उचित मुल्यमा गुनस्तर भुरा उपल्ध गराउनु पर्ने छ । | सामुहिक | ५० | ५० | कोषवाट दोश्रो पटक अनुदान प्राप्त गर्न कम्तिमा २ बर्षको अन्तर हुनुपर्ने छ |
| ८. | जिउँदो वा फेस माछा संकलन केन्द्र ,जिउँदो माछा ढुवानिका सवारी साधन, माछा बिकि गर्ने आनुनिक बिकि कक्ष एवं माछा बिकि गर्ने घुमन्ते बिकि कक्ष, (क्लस्टर भित्र वा बाहिरका ब्यापारी जस्ले तय खरिद मुल्य अन्तर्गत क्लस्टर भित्रका कम्तिमा ४० जना किसानको माछा खरिद गरी बिकि बितरण गर्नु पर्ने छ ) | सामुहिक | ५० | ५० | यदि क्लस्टर भित्रको माछा लनरपालिका बाहिर बिक्रि वितरण गर्नको लागि देश भित्र र नगरपालिका बाहिर बिक्रि कक्ष बनाउने भएमा २ बष भित्र फिरता गर्ने सर्तमा ५० प्रतिशत सम्म अनुदान पाउन सक्ने छ । |
| ९. | स्तरिय दाना उत्पादनका लागी सहकार्य (सेयर) | सामुहिक | ५० | ५० | |
| १०. | नगरपालिकाको स्वामित्वमा रहेको जिर्ण पोखरिहरुको जिर्णधार गर्न सम्ने छ तर यसरी कोषको रकमबाट जिर्णधार गरिएको पोखरी | सामुहिक | ५० | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बाट हुने कुल आयको ५० प्रतिशत नियमित रुपमा कोष मा जम्मा गर्ने प्रतिबद्धता सहितको कागजात नगरपालिकाले वहुसरोकार गोष्ठिमा पेश गर्ने मन्जुरी लिनु पर्ने छ । | | | | |

ख) दातृ निकायहरुको योगदानबाट सञ्चालन हुने कीयाकलापहरुको हकमा दातृ निकायले तोके बमोजिम वा नगरपालिका र दातृ निकाय बिच भएको सहमति अनुसार क्रियाकलाप संञ्चालन हुने छ ।

ग) माछा उत्पादक समुहहरुले कोषबाट अनुदान माँग गर्नकालागी माछा क्लस्टर बिकास समितिले तोके अनुसारको खाकामा प्रस्ताव पत्र तयार गरि पेश उप समिति मार्फत पेश गर्न सकिने छ वा समिति सार्वजनिक सूचना मार्फत पनि प्रस्ताव माँग गर्न सकिने छ ।

घ) कोष बाट सहयोगलिन योग्य उत्पादक समुह, व्यापारी , भुरा उत्पादक वा अन्य माछा कर्मिलाई रकम भुक्तानि गर्दा कार्यसंम्पादानको प्रक्रिति हेरी कोष अनुदान सम्झौतामा समितिले तोके अनुसारको किस्ता वनाई भुक्तानि दिईने छ ।

ङ) कोष बाट सहयोग स्वरुप लिएको रकमको फर्छोट तथा फरक फरक नगरपालिकाले तोके अनुसारको वजेट कार्यान्वयन कार्य विधि अनुसार हुने छ ।

**११. प्रस्ताव नं ११ माथि छलफल गर्दा :** कोल्हवी नगरपालिका अन्तरगत बजार, पसल, ब्यावसाय तथा संस्थागत क्षेत्रबाट निस्कने फोहरजन्य पदार्थ संकलन तथा व्यवस्थापन सहितको एकिकृत फोहर व्यवस्थापन सम्वन्धी कार्यक्रम सम्वन्धी कार्यविवरण वनाउने सम्वन्धको सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो।

**१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा :** नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भएको स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि, २०८२ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**१३. प्रस्ताव नं १३ माथि छलफल गर्दा :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस कोल्हवी नगरपालिकाका लागि पठाएको संगठन तथा व्यवस्थापन सर्वेक्षण (स्वीकृत दरबन्दी) यस नगरपालिकाको राजस्व क्षमता, कार्यवोझ र कार्य क्षमता अनुसार नयाँ संगठन तथा सर्वेक्षण गर्नु पर्ने आवश्यकता भएकोले कर्मचारी दरवन्दी पूनरावलोकन गर्नको लागि यस नगरपालिकाको सुशासन तथा संस्थागत विकास समितिलाई अधिकार प्रत्यायोजन गर्ने र सो को प्रतिवेदन ६० (साठ्ठी) दिन भित्र कार्यपालिका बैठकमा पेश गर्न समय सिमा दिने निर्णय गरियो ।

**१४. प्रस्ताव नं १४ माथि छलफल गर्दा :** कोल्हवी नगरपालिका वडा नं. ५ वस्ने शिव कुमारी चौधरीको आर्थिक अवस्था कमजोर रहेको तथा निज एकल महिला समेत रहेको तथा निजको छोरा समिर चौधरी समेत मृत्यु भएकोले क्रिया खर्च वापत रु. ५०००.०० (पाँच हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।